# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १४५/२०७३/०७४

निर्णय नं. ४३

जिल्ला मकवानपुर, आमभन्ज्याङ-३ निवासी हरि हुमागाई ........................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा...................................१ } विपक्षी
सूचना अधिकारी, नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा ................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला मकवानपुर, आमभन्ज्याङ-३ निवासी हरि हुमागाईले नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।१५ मा पुनरावेदन गरेको । प्रस्तुत सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट मिति २०७३।०५।२३ मा माग बमोजिमको सूचना उपलब्ध गराउन नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडाको नाममा आदेश भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. ४२६ मिति २०७३।०५।२९ मा पत्र लेखी गएको । तत् पश्चात पुनरावेदकले मिति २०७३।०६।१२ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराएको भनी पुन: उजुरी/निवेदन गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडाले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगको आदेश जारी भएको झण्डै एक महिनासम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०५।२३ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनु भनी नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडाको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज नेपाल विद्युत प्राधिकरण, क्षेत्रिय कार्यालय हेटौंडाको कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असोज १४ गते रोज ६ शुभम् ।